श्री ५ को सरकार

## प्रशासन व्यवस्था विभागको

## सूचना

श्री ५ को सरकारले मिति २०३०–१–५ को निर्णय अनुसार नेपाल प्रशासन सेवाका राजपत्रांकित तृतीय श्रेणीका अन्तःशुल्क कार्यालय सिराहाका अन्तःशुल्क अधिकारी श्री बाबुराम पोखरेललाई निजामती सेवा नियमावली, २०२१ को नियम १०.१ (६) अनुसार भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतः अयोग्य ठहरिने गरी नोकरीबाट बरखास्त गरेको छ ।

आज्ञाले–
विष्णुप्रसाद खनाल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## प्रशासन व्यवस्था विभागको

## सूचना

श्री ५ को सरकारले मिति २०२९–१२–१ को निर्णय अनुसार श्री प्रेमविजय कोइरालाले नेपाल प्रशासन सेवाको राजपत्रांकित तृतीय श्रेणीको पदबाट दिनुभएको राजीनामा मिति २०२९।१२।१ देखि स्वीकृत गरेको छ ।

आज्ञाले–
विष्णुप्रसाद खनाल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

123

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।